बैठक नं. ५२

आज मिति २०८३/०१/१५ गते यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

उपस्थिति:

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री ~~बिद्या सागर~~ त्रिपाठी सुर्य प्रकाश [illegible] | ६ | का.मु. वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री भूपेन्द्र पाण्डेय | सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८३/०१/१५ गते रामग्राम नगरपालिकाको ५२ औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा निर्णयहरु

प्रस्ताव नं. १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताब नं १ माथि छलफल गर्दा रामग्राम नगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा गरियो।

प्रस्ताव नं. २: २५७० औं बुद्ध जयन्ति मनाउने सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताब नं २ माथि छलफल गर्दा रामग्राम नगरपालिका शान्तिको अग्रदुत भगवान् गौतम बुद्धको उत्खनन् नभएको एक मात्र अस्तिधातु रहेको स्थानको प्रर्बद्धन गर्नको लागि २५७०औं बुद्धजयन्तिको अवसरमा बुद्धको मावली स्थान पण्डीपुर देखि रामग्राम स्तुप सम्म बृहत साइकल ऱ्याली आयोजना गर्ने ।उक्त कार्यक्रममा पण्डितपुरबाट साइकल ऱ्यालीमा सहभागी हुने व्यक्तीहरुलाई रामग्राम स्तुपाको लोगो अंकित तथा २५७० औं बुद्ध जयन्ती २०८३ लेखिएको १००० एक हजार थान टिसर्ट वितरण गर्ने तथा आवश्यक संख्यामा खाने पानी ग्लुकोज फलफुलहरु वितरण गर्ने साथै उक्त कार्यको लागि आवश्यक प्राविधिक लागत अनुमान अनुसारको मर्मत तथा व्यवस्थापन गर्ने।उक्त सामाग्रीहरु तथा कार्यको व्यवस्थापन गर्न तोकिएका कर्मचारीहरुलाई पेश्की तथा बिल अनुसारको खर्च उपलब्ध गराउने ।साथै१००० एक हजार थान टिसर्टको सम्बन्धीत फर्मलाई भुक्तानी दिन निर्देशन दिने।

प्रस्ताव नं ३ : रामग्राम नगरपालिकाको व्यवसायिक कृषिद्वारा खाद्ध सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८३ सम्बन्धमा।

निर्णय नं ३ : रामग्राम नगरपालिकाको व्यवसायिक कृषिद्वारा खाद्ध सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८३ स्वीकृत गर्ने।

प्रस्ताव नं ४: रामग्राम नगरपालिकाद्धारा आयोजना गरिने फुड फेष्टिवल सम्बन्धमा।

निर्णय नं ४ : रामग्राम नगरपालिकाद्धारा २०८३ बैशाख १८ र १९ गते आयोजना गरिने दोस्रो फुड फेष्टिभल सडक खाना महोत्सब २०८३ लाई नगरपालिकाका अत्तिरिक्त निजी क्षेत्रका उद्योगी व्यवसायी गैर सरकारी संघ संस्था तथा आम नागरिक समाजको सहभागितामा भव्य र सभ्य तबरले मनाउनका लागि सबैलाई आह्वान गर्ने तथा उक्त महोत्सबका लागि गठित आयोजक समितिलाई कार्यका लागि रु १००००००। (दश लाख मात्र) फुड फेष्टिबल आयोजक समितिले पेश गरेको बिल बमोजिम सम्बन्धीत फर्म कम्पनी संस्था व्यक्ती लाई भुक्तानी हुने गरी कार्यालयलाई निर्देशन दिने।

प्रस्ताव नं ५: आर्थिक सहयोग सम्बन्धमा।

निर्णय नं ५ : यस रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय वडा नं १२ का वडा अध्यक्ष श्री लोक बहादुर चौधरीको दुवै मृगौलाले काम नगर्ने भई उपचारत रहेको र थप उपचारका लागि काठमान्डौ

जानुपर्ने भएकोले निजलाई औषधी उपचार खर्च सहयोग बापत रु ५०००० (अक्षरुपी रु पचास हजारमात्र) उपलब्ध गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

प्रस्ताब नं ६: सडक मापदण्ड सम्बन्धमा।

निर्णय नं ६: यस रामग्राम नगरपालिका अन्तर्गतको वडा नं ४ को चन्द्रगढी जाने बाटो देखि शैलेन्द्र यादबको घर सम्म २० फिट कायम सडक वडा कार्यालयको मिति २०८३।०१।०६ को निर्णयानुसार सोही सडकको मापदण्ड कायम गरी आवश्यक घर नक्सा अभिलेखिकरण तथा नयाँ निर्माणका लागि कार्यान्वयन गर्ने।

प्रस्ताव नं ७ : रामग्राम नगरपालिकाको खानेपानी पूर्वाधार तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधी,२०८३ सम्बन्धमा।

निर्णय नं ७ : रामग्राम नगरपालिकाको खानेपानी पूर्वाधार तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधी,२०८३ स्वीकृत गर्ने।

प्रस्ताव नं ८ : रामग्राम नगरपालिकाको विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८३ सम्बन्धमा।

निर्णय नं ८ : रामग्राम नगरपालिकाको विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८३ स्वीकृत गर्ने।

प्रस्ताव नं ९ : रामग्राम नगरपालिकाको सवारी मर्मत रकम भुक्तानी सम्बन्धमा।

निर्णय नं ९ : जेनजी आन्दोलनको क्रममा क्षतीग्रस्त BBA 0908 Scorpio सवारी साधन मर्मत भई आएकोले उक्त सवारी साधन मर्मत गर्दा लागेको खर्च रु.८३०९४४ (अक्षरुपी आठ लाख तीस हजार नौ सय चौवालिस मात्र।) एकमुष्ट सम्बन्धीत व्यवसायीक फर्मलाई भुक्तीनी दिने।